चिङ्गाड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
अवलचिङ्ग, सुर्खेत
कर्णालीप्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०

मितिः २०७९/०४/२३

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/२३

यस चिङ्गाड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन गरेको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह वा सो सरह | १ ( एक ) |

१.आवश्यक न्यूनतम योग्यता र अनुभवः
- (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भएको।
- (ख) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।
- (ग) कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. दरखास्त दिने स्थानः- चिङ्गाड गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय, अवलचिङ्ग, सुर्खेत।

३. दरखास्त दिने अन्तिम मितिः- २०७९/०५/०६ गते कार्यालय समय भित्र ( सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट )।

४. आवेदनको दस्तुरः- रु.५००/- ( पाँच सय मात्र )

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- काम सँग सम्बन्धित अनुभव भए सो को कागजात
- तालिमको प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा तथा अन्यः- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.npतथा यस गाउँपालिकाको वेबसाइट chingadmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**नोटः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै लिखित परीक्षाको मिति, समय र स्थान तोकी सूचना प्रकाशन गरिनेछ।**

79/04/23

..................
जनक बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत